*खानेपानी र सरसफाइ सबैका लागि, सधैंका लागि*

# खानेपानी, सरसफाइ तथा स्वच्छता दोस्रो राष्ट्रिय शिखर सम्मेलन

## काठमाण्डौ प्रतिवद्धता पत्र

५-६ चैत्र २०७१,काठमाडौं

खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको सुनिश्चितता गरी खुला दिसामुक्त क्षेत्र घोषणा अभियानलाई निरन्तरता दिँदै पूर्ण सरसफाइयुक्त समाजको निर्माण र जलवायु परिवर्तनबाट हुने असरहरूलाई न्यूनिकरण एवं अनुकूलनलाई मध्यनजर गरी पूर्ण जवाफदेहिता र उत्तरदायित्व बहन गर्दै अर्थपूर्ण सहभागितामा जोड दिनुका साथै स्थानीय स्तरमा सामाजिक नीति, नियम र मूल्य मान्यताका साथ नौला सिर्जनात्मक क्रियाकलायहरू संचालन गरी खानेपानी आयोजनाहरूको संचालन, सुचारूपनामा तथा दिगो व्यवस्थापनमा विशेष योगदान पुऱ्याई घरायसी, विद्यालय, संस्थागत र सार्वजनिक तहमा स्वच्छ चर्पीको प्रयोग, सावुन पानीले हात धुने बानीको अभ्यास र स्वच्छ खानेपानीको सुविधा सुनिश्चित गरी राष्ट्रिय लक्ष्यलाई सन् २०१७ भित्र पूरा गर्नका लागि **हामी** खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा क्रियाशिल खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरू, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल, नेपाल सरकारका सरोकारवाला मन्त्रालय तथा विभागहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरू र नागरिक समाजले **संकल्प** गर्दै ७ बुदे प्रतिवद्धता जारी गर्दछौं ।

### १. सहभागितामूलक नीति निर्माण, पुनरावलोकन, परिमार्जन तथा कार्यान्वयन

- भावी संविधानमा खानेपानी तथा सरसफाइलाई मौलिक हकको रूपमा स्थापित गर्नका लागि पहल गर्ने ।
- निर्म्ण भएका खानेपानी आयोजनाहरूको सुचारूपना तथा व्यवस्थापन सुधार गर्न र सेवा नपुगेका समुदाय तथा वर्गको पहुँच सुनिश्चित गर्न खानेपानीको गुरूयोजना निर्माणमा पहल गर्ने
- खानेपानीका सम्पूर्ण स्रोत तथा मुहानहरूलाई कानूनमा उल्लेख भए अनुसार राष्ट्रिय सम्पत्तिको रूपमा संरक्षण र सदुपयोगमा जोड दिने ।
- खानेपानी तथा सरसफाइ क्षेत्रमा विद्यमान तथा नयाँ बन्ने ऐन, नीति, नियम, कानून तथा निर्देशिकामा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था तथा महासंघको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- यस क्षेत्रमा आयोजनाहरूको सुचारूपन सुधार तथा निर्माणाधिन योजनाहरूको समयमै निर्माण कार्य सम्पन्न गर्नका लागि केन्द्र जिल्ला र गाविसबाट पर्याप्त बजेट विनियोजनका लागि पहल गर्ने
- खानेपानी तथा सरसफाइ क्षेत्रको अनुगमन तथा मुल्याङ्कन प्रक्रियालाई एकरूपता ल्याई कार्यसम्पादन मुल्याङ्कनको आधारमा खानेपानी उपभोक्ता समिति तथा अन्य संस्थाहरूलाई सम्मान, कदर तथा पुरस्कारको व्यवस्था गर्दै लैजाने

- जिल्ला जलस्रोत समितिमा महासंघको नियमित सदस्यताका लागि पहल गर्ने ।

## २.संस्थागत विकास तथा सुदृढिकरण

- उपभोक्ता संस्थाको दर्ता प्रक्रियालाई सरलीकरण र सहजीकरण गरी दर्ता संख्यामा वृद्धि गर्ने
- महासंघको रणनैतिक योजनामा परिमार्जन गरी महासंघको सञ्जाल गाविस स्तरसम्म विस्तार गर्न पहल गर्ने
- उपभोक्ता समिति तथा महासंघको संस्थागत नेतृत्व, व्यवस्थापन र समन्वयका क्षमता अभिवृद्धिमा जोड दिने ।
- विभिन्न तहका खानेपानी सरसफाइ तथा स्वच्छत समन्वय समितिहरूलाई (गाउँ /नगर /जिल्ला/केन्द्र) मा निर्माण हुने खानेपानी तथा सम्बन्धित विषयगत समिति तथा संयन्त्रहरूको संस्थागत विकास गरी समन्वयात्मक भूमिकाका लागि खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था तथा महासंघको सक्रिय सहभागीता सुनिश्चित गर्ने ।

## ३. खानेपानी आयोजनाहरूको दिगो व्यवस्थापन, सुचारूपन, सेवा विस्तार र स्तरोन्नति

- एक घर एक धारा र एक चर्पीको अवधारणालाई कार्यान्वयन गर्न पहल गर्ने
- खानेपानी र सरसफाइको तथ्याङ्कलाई अद्यावधिक गर्दै सामान्य मर्मत कार्यलाई प्राथमिकता दिई उपभोक्ता समितिहरूलाई परिचालन गरी सचारूपनमा वृद्धि गर्ने
- राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ अनुरूप स्वच्छ तथा सुरक्षित खानेपानी उपलब्धताको सुनिश्चित गर्न खानेपानी सुरक्षा योजना अनिवार्य लागू गर्ने ।
- खानेपानी स्रोत दर्ता, संस्था दर्ता तथा विवादमा मध्यस्थता गर्दै आयोजना सुचारूपनमा वृद्धि गर्दै लैजाने ।
- उपभोक्ता समितिको ्व्यावसायिक योजना निर्माण गरी ममूत सम्भार कोष तथा कार्यकर्ता, औजारको व्यवस्था, पानी शूल्क संकलन तथा पानीको बहुउपयोग प्रवर्द्धनमा जोड दिने

## ४.सरसफाइ तथा स्वच्छता प्रर्वद्धन

- सरसफाई तथा स्वच्छताको दिगोपना कायम गर्न पूर्ण सरसफाइ उन्मुख कार्यक्रमहरू सञ्चालन गर्दै स्वच्छ बानी व्यवहारको विकास गर्ने,
- विद्यालय र समुदायलाई खानेपानी तथा सरसफाइमा नमूनाको रूपमा विकास गर्ने ।
- पूर्ण सरसफाई विकासका लागि स्वच्छ पानीको व्यवस्थापन तथा अन्य अभियान संचालन गर्न विद्यमान खानेपानी तथा सरसफाइ समितिहरूको परिचालन गर्ने,
- खुल्ला दिसामुक्त क्षेत्र घोषणालाई थप प्रभावकारी बनाउन प्रमाणिकरण प्रक्रियालाई पूर्ण कार्यान्वयन गर्न पहल गर्ने

## ५. लैङ्गिक, समावेशी तथा समतामूलक सहभागीता एवं श्रोतको सुनिश्चिता

- सहरी विकास मन्त्रालयको लैगिक समानता तथा सामाजिक समावेशिकरण कार्य निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्ने
- खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरूमा ५० प्रतिशत महिला तथा विभिन्न वर्गको समानुपातिक सहभागिता सुनिश्चित गर्दै नेतृत्व विकासका निम्ति क्षमता अभिवृद्धि कार्यहरूलाई रणनीतिक रूपमा अघि बढ्ने
- पहुंच नपुगेका समुदाय तथा क्षेत्रमा पहुंच वृद्धिका लागि समतामूलक बजेट लगानी तथा विनियोजित बजेटको अधिकतम सदुपयोग गर्नुका साथै विभिन्न वर्गका प्रयोगकर्ताहरूको भिन्न आवश्यकतामा आधारित उपयोगमैत्री खानेपानी तथा सरसफाइ संरचनाहरू प्रवर्द्धन गर्ने ।

## ६. सुशासन

- खानेपानी तथा सरसफाइ योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनको सम्पूर्ण प्रक्रिया र चरणमा पारदर्शिता, जवाफदेहिता तथा अर्थपूर्ण सहभागिता प्रवर्द्धन गर्ने
- खानेपानी तथा सरसफाइका आयोजनाहरूमा सुशासन तथा सामाजिक जवाफदेहिताका औजारहरूको प्रयोग गरी सम्पूर्ण योजनाको गुणस्तरमा अभिवृद्धि गर्ने
- संचारमाध्यमको भूमिका अभिवृद्धि गरी सहज सूचनाको पहुंच सुनिश्चित गर्ने
- खानेपानी, सरसफाइ तथा स्वच्छताको प्रभावकारी कार्यान्वयनको लागि शिक्षा, स्वास्थ्य लगायतका नेपाल सरकारका अन्य निकायसँगको समन्वय र सहकार्यमा वृद्धि गर्दै लैजाने
- सफलता, असफलताका अनुभवहरूलाई अभिलेखीकरण, आदान प्रदान तथा प्रचार प्रसार गर्दै लैजाने
- संयुक्त तथा स्वमूल्याङ्कनमा आधारित सामुदायिक तथा सहभागितामूलक अनुगमन प्रणालीको विकास तथा अवलम्बन गर्ने ।

## ७.जलवायु परिवर्तन तथा विपद् प्रतिरोध क्षमता अभिबृद्धि

- जलवायु परिवर्तन तथा विपद्का कारण पानीको स्रोत तथा सरसफाइका आयोजनमा पर्न सक्ने क्षति न्यूनिकरणका लागि खानेपानी तथा सरसफाइका आयोजनाको निर्माण चरण देखि नै वृक्षारोपण, तटबन्ध तथा वातावरणमैत्रीका साथै प्रकोप प्रतिरोधी संरचनाको निर्माणमा जोड दिने
- जलवायु अनुकूलन योजनामा खानेपानी र सरसफाइका आयोजनाहरू समावेश गर्न पैरवी गर्ने
- विद्यमान खानेपानीका श्रोत, मुहान, तथा जलाधार क्षेत्रहरूको पुर्नभरण (रिचार्ज) तथा अन्य प्रक्रियाद्धारा जलवायु परिवर्तनले पार्ने प्रभावलाई न्यूनीकरण गर्दै संरक्षण, प्रवर्द्धन तथा विकास गर्ने

### प्रतिवद्धता जाहेर गर्ने निकाय तथा संस्थाहरू

FEDWASUN खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल
नेपाल सरकार · unicef · WaterAid · HELVETAS · NEPAL WASH ALLIANCE · Simavi
Plan · RVWRMP II · World Health Organization · Terre des hommes · Swiss Red Cross · SUAAHARA